चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०८०।०२।१८ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिकाको फोहोरमैला व्यवस्थापन अध्ययन अवलोकन भ्रमण खर्च अनमोदन मिति २०८०।०१।२७ देखि २०८०।०१।०३ गते सम्म फोहोरमैला व्यवस्थापन सम्बन्धमा गाउँ कार्यापालिका सदस्य र कर्मचारीहरुको स्याङ्जा वालिङ नगरपालिका र पोखरा महानगरपालिकाको फहोरमैला व्यवस्थापन केन्द्र र अध्ययन अवलोकनमा भएको खर्च रु ५६५४५०/- (अक्षरुपी पाच लाख पैंसठि हजार चार सय पचास रुपैया) अनमोदन गरि पास गर्ने निर्णय गरीयो ।

२. सार्वजनिक खरिद नियमावली २०६४ (१२ औ संसोधन) को दफा १२० क बमोजिम चामे गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी तथा निर्माण व्यवसायीलाई माइलस्टोन तोकी तपसिल बमोजिमको म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | स्थान | लागत इष्टिमेट | व्यवसायी को नाम | कवोल अक (भ्याट बाहेक) | योजना सम्पन्न गर्ने मिति | थप भएको सम्झौता अवधी | हाल सम्म को खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १. | लोक प्रिय मा.वि छात्रवास | चामे ४ मनाङ | रु३,२१,८५,३३६.२७ | धुलीखेल जेके जेभि | रु२,८३,७३,०२५.२९ | २०७९/०९/०८ | २०८०/०३/३० | |
| २. | लोक प्रिय मा.वि छात्रावास | चामे ४ मनाङ | रु३,२१,८५,३३६.२७ | पराजुली कन्स्ट्रसन | रु२,२८,९५,३९१९.०८ | २०७९/०७/२८ | २०८०/०३/३० | |
| ३. | चामे बसपार्क निर्णमा | चामे ४ मनाङ | रु७,३८,१४,४२९.११ | ओम बुद्ध इन्जिनियरिङ | रु ३,८१,०३,३२४.२७ | २०७९/०८/१७ | २०८०/०८/३० | |
| ४. | स्यार्कु सित भण्डार निर्माण | चामे १ मनाङ | रू ३,४१,८८,१९३.७५ | ओम बुद्ध केशव शाह जेभि | रु ३,०३,२३,२४४.८३ | २०७९/०९/०६ | २०८०/०३/३० | |

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

३. चामे गाउँपालिकाबाट विद्युतीय चुलो पूर्ण अनुदानमा पालिका भित्रका स्थायी रुपमा बसोवास गर्ने, नागरिकताको प्रतिलिपि, जग्गा धनी प्रमाण पत्र (लालपुर्जा) को प्रतिलिपि, सम्पत्ति कर वा व्यवसाय कर तिरेको प्रतिलिपि बुझाई वडा कार्यालयबाट वितरण गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको चामे स्वास्थ्य चौकी जग्गा खरिदका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४३६ र मिति २०८०।०१।१५ गते निर्णय भई जिल्ला प्रशासन कार्यालय मनाङको च.नं.४९३ र मिति २०८०।०२।१५ गतेको पत्र बमोजिम जग्गा प्राप्ति ऐन २०३४ को दफा ५ बमोजिम प्रारम्भिक अधिकरी तोक्नुपर्ने भएको हुदाँ यस कार्यालयका इन्जिनियर श्री लक्ष्मण गौलीलाई तोकी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. चामे गाउँपालिकामा २०७८ जेष्ठ र असार महिनामा परेको अवरिल बर्षाको कारणले गएको बाढि र पहिरोले निजी भवनको पूर्ण क्षति भएकाहरुलाई पहिलो र दोस्रो किस्ता प्राप्त गरि निर्माण कार्य गरिरहेका निम्मानुसार व्यक्तिहरुलाई अन्तिम किस्ता भुक्तानी लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णण गरियो ।

१. हेमा गुरुङ चामे -४
२. सेती गुरुङ महर्जन चामे -४
३. उजेली वि.क चामे -४
४. सिर्जना वि.क चामे -४
५. सरस्वती वि.क चामे -४
६. पेमा बुटि लामा चामे -४
७. सोनाम याङचेन गुरुङ चामे -३

६. सार्वजनिक खरिद ऐन बमोजिम खरिद सम्बन्धी कार्य गर्ने कार्यको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा १४७ क, ख, ग, घ बमोजिमको मुल्याङ्क समिति र सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड २०७८, (सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (२) सँग सम्बन्धित नेपाल सरकार (सचिवस्तर) निर्णय मिति २०७८।०३।१७ बमोजिमको तपसिल खरिद इकाई समिति गठन गर्नुपर्ने भएको हुदाँ तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

**खरिद इकाई समितिः**

१. सूचना प्रविधि अधिकृत - संयोजक
२. स्वास्थ्य शाखा प्रमुख - सदस्य
३. प्राविधिक शाखा - सदस्य
४. कृषि शाखा प्रमुख - सदस्य
५. प्रशासन शाखा प्रमुख - सदस्य सचीव

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np
गण्डकी प्रदेश, नेपाल

**मूल्याङ्क समितिः**

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख) लेखा शाखा प्रमुख - सदस्य
ग) प्राविधिक शाखा प्रमुख - सदस्य
घ) खरिद इकाई संयोजक - सदस्य सचीव

७. यस चामे गाउँपालिकाको कृषि शाखाद्वारा आ.ब ०७९/०८० मा सञ्चालन हुने दलहन बालीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि चामे गाउँपालिका वडा नं १ को अन्नपूर्ण कृषि तथा पशुपालनन कृषकलाई सञ्चालनका लागी स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिकाका अध्यक्ष ज्यूको स्वकीय सचीवका लागि गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६, (मिति २०७७ साल कार्तिक समान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको) को दफा ११ को (३) बमोजिम गाउँपालिकाको अध्ययक्षले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनङ्किक द्वितिय श्रेणी वा सो सरहको स्वकीय सचिव पदमा श्री सुष्मा गुरुङ (ना.प्रा.नं.४७१०१०/७८)लाई नियुक्ति गर्ने निर्णय गरियो ।

९. आर्थिक बर्ष २०८०/०८१ को बजेटमा उल्लेख भए बमोजिम हिमाली क्षेत्रका विद्यार्थीहरुलाई आवशिय छात्रवृत्ती प्रदान गर्ने योजना अनुरुप यस पालिका भित्रको प्रारम्भिक वाल विकास कक्षा देखि १२ कक्षा सम्म संचालनमा रहेको एउटै मात्र आवशिय रुपमा रहेको श्री लोक प्रिय (नमुना) मा.वि लाई आ.ब २०७६/०७७ बाट हिमाली आवशिय छात्रवृत्ती कोटा २० मात्र प्राप्त हुदैं आएकोमा उक्त कोटा २० थप गरी ४० कायम गरिदन शिक्षा तथा प्रविधि मन्त्रालय शिक्षा विभाग सोनोठिमी भक्तपुरलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।